# भरतपुर खानेपानी व्यवस्थापन बोर्ड, भरतपुर,चितवन
## आ.ब. २०७०/०७१ को वार्षिक प्रतिवेदन

**१. पृष्ठभूमिः**

भरतपुर नगरपालिका उच्च जनसंख्या बृद्धि भएको नगर हो । राष्ट्रिय जनगणना २०६८ अनुसार बि.सं. २०६८ आषाढ मसान्त सम्मको यस नगरको घरसंख्या २४,७३६ जसंख्या १,४३,८३६ र बार्षिक जनसंख्या बृद्धिदर ५.०३ छ । जम्मा १४ वडामा विभाजित भरतपुर नगरपालिकाको वार्ड नं. १ को केहि भाग र वार्ड नं., २, ३ र ४ घना आवादी भएको व्यापारीक क्षेत्रभित्र पर्दछन । बाँकी वडाहरु वसोवास क्षेत्र र कृषि तथा पशुपालन सहितको वसोवास क्षेत्रको रुपमा विकास भएको पाईन्छ । हालका बर्षहरुमा जमिन प्लटिङ गरी घडेरी बनाई घर बनाउने क्रम तिब्र भएकोले खानेपानी वितरण प्रणाली निर्माण भएको केहि बर्षमानै सुधार एवं विस्तार गर्नुपर्ने अवस्था आईपरेको छ । वर्तमान जनसंख्या बृद्धिदर अनुसार २०७१ आषाढ सम्मको नगरको कुल जनसंख्या १,६६,६५० र घर संख्या २८,६६० हुन आउँछ ।

भरतपुरमा जुगेडि खोलावाट खानेपानी आपुर्तिको शुरुवात खानेपानी तथा ढल निकास विभागवाट वि.सं. २०३३ तिर भएको हो । जापान सरकारको सहयोगमा वि.सं. २०५० मा दुइवटा ट्यूबवेल, रामनगर फिल्टर प्लाण्ट, १६०० घ.मी.को पानीपोखरी र थप वितरण लाईन निर्माण गरि आयोजनाको सुधार विस्तार भएको हो । यो आयोजना वि.सं. २०५६ श्रावण १ गतेदेखि नेपाल खानेपानी संस्थान भरतपुर शाखालाई हस्तान्तरण गरियो । बि.सं.२०६१मा जुगेडी सिष्टम बाढिबाट क्षतिग्रस्त भई रामनगर र देबघाट क्षेत्रको सेवा बन्द भयो । संस्थानले त्यसको मर्मत संभार गर्न र समयानुकुल सेवा प्रणालीको विस्तार गर्न सकेन । सेवा विस्तारको लागि भरतपुर नगरपालिकाले खानेपानी व्यवस्थापन वोर्ड मार्फत खानेपानी सेवा सञ्चालन गर्ने र नेपाल सरकारले खानेपानी संस्थान भरतपुर शाखाको सम्पत्ति तथा दायित्व भरतपुर खानेपानी ब्यवस्थापन बोर्डमा हस्तान्तरण गराईदिने गरि शहरी तथा वातावरणीय सुधार परियोजना (Urban and Environmental Improvement Project, UEIP ) अन्तर्गत नेपाल सरकारको ऋण तथा अनुदानमा भरतपुर खानेपानी आयोजनाका नयां संरचनाहरुको निर्माण कार्य गरिएको हो । यो आयोजना आ.ब. २०६२।०६३ मा शुरु भई आ.ब.२०६७।०६८ मा सम्पन्न भएको हो ।

**२. भरतपुर खानेपानी व्यवस्थापन बोर्डको गठन :**

**उद्धेश्य, कार्यक्षेत्र तथा बोर्डको गठनः** खानेपानी ब्यवस्थापन बोर्ड ऐन २०६३ले नगरपालिका क्षेत्रमा खानेपानी तथा सरसफाई सेवालाई नियमित, व्यवस्थित, गुणस्तरयुक्त र सुलभ बनाई यस क्षेत्रका बासिन्दालाई भरपर्दो सेवा प्रदान गर्ने गराउने उद्देश्यले सम्बन्धित नगरपालिकाको परामर्शमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरि नेपाल सरकारलाई खानेपानी व्यवस्थापन बोर्ड गठन गर्न सक्ने अधिकार प्रदान गरेको छ । बोर्ड अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था रहने ब्यवस्था छ । भरतपुर नगरपालिकाको सिफारिसमा बोर्ड ऐन २०६३ को दफा ५(१) बमोजिम नेपाल सरकार भौतिक योजना तथा निर्माण मन्त्रालय ( माननिय मन्त्रिस्तर)को मिति २०६४।०५।३१ को निर्णय अनुसार भरतपुर खानेपानी ब्यवस्थापन बोर्ड गठन भएको हो । नेपाल सरकारले मिति २०६७।०१।०६को राजपत्रमा सूचना प्रकासित गरि सम्पुर्ण भरतपुर नगरपालिका क्षेत्रलाई बोर्डको कार्यक्षेत्र तोकेको छ । बोर्डले लेपाल सरकारसँग भौतिक योजना तथा निर्माण मन्त्रालय (हाल सहरी विकास मन्त्रालय) मार्फत सम्पर्क गर्नुपर्ने ब्यवस छ ।

**कार्यसमिति सम्बन्धि ब्यवस्थाः** खानेपानी ब्यवस्थापन बोर्ड ऐन २०६३ ले बोर्डको कार्यकारी समितिमा भरतपुर नगरपालिकाको प्रमुख-१, स्थानिय उद्योग बाणिज्य संघको अध्यक्ष-१, नेपाल सरकारको प्रतिनिधि-१, गरि ३ जना पदेन सदस्य र बोर्डबाट मनोनित स्थानीय उपभोक्ता संघको अध्यक्ष-१, खानेपानी क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाको प्रतिनिधि-१, र सम्बन्धित क्षेत्रको विज्ञ सदस्य-१ गरि ३ जना मनोनित सदस्य रहने ब्यवस्था गरेको छ ।

सम्बन्धित मन्त्रालयको मिति २०६४।०६।०२ को पत्र बमोजिम नेपाल सरकारको प्रतिनिधिको रुपमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय चितवनका प्रमुखलाई बोर्ड सदस्य तोकीएको छ । मनोनित सदस्यहरुको पदावधि चार बर्षको हुने र सदस्यहरुमध्येबाट अध्यक्षको चयन गर्ने ब्यवस्था छ । त्यसैगरि बोर्डले कार्यकारी निर्देशक प्रतिस्पर्धाबाट छनौट गरि नियुक्ति गर्ने र निजले सदस्य सचिव भई काम गर्ने कानूनी ब्यवस्था छ ।

**बर्तमान कार्यसमितिका सदस्यहरुः**

**पदेन सदस्थहरुः**

क) अध्यक्षः भरतपुर नगरपालिकाका प्रमुख, श्री नारायण प्रसाद सापकोटा

ख) सदस्य, स्थानिय उद्योग बाणिज्य संघका अध्यक्ष, श्री कल्याण जोशी

ग) सदस्य, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय चितवनका डिभिजन प्रमुख, श्री चक्रपाणी शर्मा आचार्य

**मनोनित सदस्थहरुः**

घ) सदस्य (स्थानीय उपभोक्ताका संघको तर्फबाट प्रतिनिधि):
श्री रामराज पौडेल (बोर्डको मिति २०६९।११।२२को बैठकबाट मनोनित)

ङ) सदस्य ( खानेपानी तथा सरसफाई क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाको तर्फबाट प्रतिनिधि): श्री बद्रि प्रसाद अधिकारी (बोर्डको मिति २०७०।०१।११को बैठकबाट मनोनित)

च) सदस्य (खानेपानी तथा सरसफाई क्षेत्रको विज्ञ सदस्य): श्री रजनी शाह (मल्ल), खानेपानी तथा सरसफाई क्षेत्रको विज्ञ( बोर्डको मिति २०७०।०२।०७ को बैठकबाट मनोनित )

छ) कार्यकारी निर्देशक: श्री शालिकराम पौडेल (मिति २०६७ माघ ४ गते देखि हाल सम्म, बोर्डको अनुरोधमा नेपाल सरकारले काजमा खटाएको )

**३. शुरुदेखि हालसम्म बोर्डले गरेका मुख्य नीतिगत एवं व्यवस्थापकिय कार्यहरु:**

- भरतपुर खानेपानी व्यवस्थापन बोर्ड नियमावली, २०६६ तयार गरी नेपाल सरकारबाट स्वीकृत भएको
- "कर्मचारी प्रशासन विनियमावली २०६९" र "आर्थिक प्रशासन विनियमावली २०६९" तयार गरी नेपाल सरकारबाट स्वीकृत भएको
- मिति २०६९।०५।२०मा नेपाल खानेपानी संस्थान भरतपुर शाखाको सम्पत्ती तथा दायित्व बोर्डमा हस्तान्तरण गरि लिएको
- जनश्रमदान बापत तत्कालको लागि भरतपुर नगरपालिकाले बोर्डलाई उपलब्ध गराएको सापटी रकम रु. २ करोड १० लाख १५ हजार र शुरुको सापटी रु. १ लाख गरी जम्मा रु. २ करोड ११ लाख १५ हजार नगरपालीकालाई फिर्ता गरिएको
- बोर्डको कर्मचारी प्रशासन बिनियमावली, २०६९ बमोजिम पदपुर्ति समिति गठन भएको
- खानेपानी महशुल निर्धारण आयोग मार्फत नयाँ महशुल तथा सेवा शुल्कहरु निर्धारण गरी मिति २०७० फागुन १ गतेदेखि लागु गरिएको
- बोर्डको बार्षिक कार्यक्रम, प्रगति, आम्दामी, खर्च, लेखा परिक्षण प्रतिवेदन समावेश गरिएको बार्षिक प्रतिवेन नियमित रुपमा सहरी विकास मन्त्रालयमा पठाईएको, उल्लेखित सबै प्रतिवेदनहरु बोर्डको वेभसाईट www.bwsmb.org.np मा राखिएको
- कर्मचारीहरुको विद्युतिय हाजीरी प्रणाली लागु गरिएको
- बोर्डको संगठन संरचना र दरबन्दी स्वीकृत गरिएको
- कर्मचारी पदपुर्ति सम्बन्धि निर्देशिका तयार भई स्वीकृत भएको
- कर्मचारी पदपुर्तिको लागि पाठ्यक्रम तयार भएको
- **क्षमता विस्तार:**
  - प्रेमबस्ती, नारायणपुर, गौरीगंज, तोरीखेत, कैलासनगर र आनन्दपुरमा भ.न.पा. तथा स्थानीय उपभोक्ताहरुसंगको सहकार्यमा नयाँ खानेपानी प्रणाली निर्माण शुरु गरेको
  - उपभोक्ताहरुको सहयोगमा यस बोर्डलाई ७ कट्ठा जग्गा निशुल्क प्राप्त भएको
  - नयाँ क्षेत्रमा ४ वटा र पुरानो सेवा क्षेत्रमा २ गरि जम्मा ६ वटा डिप ट्युववेलहरुको निर्माण भएको
  - दैनिक पानी उत्पादन क्षमता १ करोड ५० लाख लिटरबाट २ करोड ७० लाख लिटर पुगेको
  - पुरानो प्रणालीभित्र ५३ कि.मी.र नयाँ प्रणालीमा ५५ कि.मी. गरि जम्मा १०८ कि.मि. थप वितरण लाईन निर्माण गरिएको
  - वितरण लाईन भएका स्थानहरुमा ग्राहकले मागेकै दिनमा धारा स्वीकृत गरि सुख्खा समयमा ७ दिन भित्र र अन्य समयमा १,२ दिन भित्रमा धारा जडान गरिंदै आएको

- **चुहावट नियन्त्रण:**
  - पानी दुरुपयोग गर्ने १५० जना ग्राहकहरुबाट आ.ब. २०६९।०७०मा १२ लाख ५० हजार र आ.ब. २०७०।०७१मा ७० हजार थप महशुल संकलन गरिएको
  - मिटर नभएका ग्राहकको संख्या १२०० बाट २०० मा झारीएको, बाँकी ग्राकहरुमा धेरैजसो सरकारी कार्यालयहरु रहेको
  - ३० वटा सार्वजनिक धाराहरुलाई मिटर जडान गरि समुहगत धारामा परिवर्तन गरिएको
  - सबै ग्राहकहरु नम्बरिङ गरिएकोले मिटर रिडिङ् कार्य बढि प्रभावकारी (Efficient) भएको
  - उल्लेखित प्रयास स्वरुप बोर्डले सेवा प्रणाली लिएको समयमा चुहावट दर ३८ % भएकोमा गत बर्षको अन्तसम्म करिव ३२ %मा र यस आ.ब.को अन्तसम्म ३० %मा झरेको छ ।

**४. शहरी तथा वातावरणीय सुधार परियोजना अन्तर्गत निर्माण भएको प्रणालीको खर्च तथा ऋण सम्बन्धि संक्षिप्त विवरण:**

- आयोजनाको कूल खर्च: रु. २६ करोड २६ लाख ८८ हजार
  - ✓ नेपाल सरकारको अनुदान : रु. १६ करोड २८ लाख ६६ हजार
  - ✓ भरतपुर नगरपालिकाले नेपाल सरकारबाट प्राप्त ऋण: रु. ७ करोड ८८ लाख ६ हजार
  - ✓ जनश्रमदान बापत बोर्डले उपभोक्ताबाट संकलन गर्नुपर्ने रकम मध्ये भरतपुर नगरपालिकाले बोर्डलाई उपलब्ध गराएको सापटी रकम: २ करोड १० लाख १५ हजार

- यो प्रणाली बोर्डबाट संचालन हुँदै आएको छ । विधिवत रुपमा नगरपालिकाबाट हस्तान्तरण भई सकेको छैन । बोर्डले सेवा प्रणालीसंग जोडिएको ऋण तिर्ने प्रतिबद्धता सहितको संभ्कौताको ड्राफ्ट तयार गरि भरतपुर नगरपालिकालाई पठाईसकेको छ ।

**५. खानेपानी सेवा प्रणालीको संक्षीप्त विवरण:**

यस बोर्ड अन्तर्गत तालिका नं. १ अनुसार संस्थानबाट प्राप्त १२ करोड ६० लाख ५२ हजार, भ.न.पा.को **UEIP Project** बाट प्राप्त २५ करोड ६८ लाख १४ हजार र बोर्डले आफ्नो आन्तरिक श्रोत र अन्य सहयोगी संस्थाको सहयोगमा निर्माण गरेको ६ करोड ७९ लाख ८३ हजार गरी जम्मा **रु. ४५ करोड ८ लाख ५० हजार** वरावरको सम्पत्ती छ भने, उक्त सम्पत्ती संगै **रु. ७ करोड ८८ लाख ०६ हजार** वरावरको ऋणको साँवा तथा ब्याजको दायित्व छ ।

तालिका नं. १ : भरतपुर खानेपानी व्यवस्थापन बोर्डले संचालन गरेको सेवा प्रणालीको विवरण

| विवरण | नेपाल खानेपानी संस्थानबाट प्राप्त | भ.न.पा.बाट प्राप्त (**UEIP Project**) | बोर्डबाट निर्माण गरिएको (बोर्ड, भ.न.पा., उ.स. र अन्य सहयोगमा ) | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| डिप ट्यूबवेल | ८ वटा | ५ वटा, | ६ वटा, | १९ वटा, | |
| जेनेरेटर | १ सेट (१००के.भि.ए.) | ३ सेट ( १००के.भि.ए.२, १८० के.भि.ए. १) | | ४ सेट (१००के.भि.ए.३, १८० के.भि.ए. १) | |
| पानी पोखरीको संख्या र क्षमता | २ वटा ४००घ.मी. ओभरहेड १, १२००घ.मी. जमिन १) | ३ वटा (४५०घ.मी. ओभरहेड १, ९००घ.मी. जमिन १, १०००घ.मी. जमिन १) | | ५ वटा ३९५० घ.मी. (८५०घ.मी. ओभरहेड , ३१००घ.मी. जमिन ) | |
| कार्यालय भवन | २ वटा | | १ वटा | ३ वटा | |
| पाइपलाईनको लम्बाइ | ७८ कि.मी.(DI, GI, HDP) | २१४ कि.मी ( HDP ) | १०८ कि.मि. | ४०० कि.मि. | |
| स्थिर सम्पत्तीको मूल्य, रु. ( २०७१आषाढ मसान्तको मुल्यमा) | १२,६०,५२,१०० .०० | २५,६८,१४,५४०.०० | ६,७९,८३,५११.०० | ४५,०८,५०,१५१.०० | ह्रासकटट्ी सहित |

**६. भरतपुर नगरपालिकामा वर्तमान खानेपानी सुविधाको स्थिति (२०७१ आषाढ मसान्त सम्मको):**

- करिव २८,६६० घरधुरी मध्ये १६,००० ग्राहक मार्फत ९५,००० जनसंख्यालाई बोर्डबाट सेवा पुगेको
- करीव ७०० घरधुरीमा उपभोक्ता समिति मार्फत संचालित स-साना खानेपानी स्कीमहरु (रामनगर, ठिमुरा, देवघाट, जखडीमाई, रोजगार्डेन, कृष्णपुर र बाईसबिघा) बाट सेवा पुगेको
- संस्थागत /व्यक्तिगत डिप बोरिङ् सहित नगरका ६० प्रतिशतले डिप बोरिङ्को पानीको सुविधा लिएको
- १५%ले नेटवर्क भएर पनि सेवा नलिएको, २५ %लाई डिप बोरिङ्को सुविधा छैन, यसको माग बढ्दो
- भरतपुर नगरपालिकाको साझेदारीमा विकास गरेका खानेपानी आयोजनाहरु, प्रेमबस्ती, गौरीगंज, तोरीखेत, कैलासनगर र आनन्दपुर निर्माणकै चरणमा
- प्रेमबस्ती खानेपानी आयोजना आ.ब. २०७०।०७१ देखि नेपाल सरकारको जिल्लास्तर आयोजनामा समावेश भई खानेपानी तथा सरसफाई डिबिजन कार्यालयबाट ४५० घ.मी. पानी टंकीको लागि ठेक्का संभ्कौता भई सकेको, आगामी २ बर्षभित्र यसको निर्माण सम्पन्न हुने र यसबाट नगरको तल्लो क्षेत्रको सेवामा उल्लेखनिय सुधार हुनेछ
- वार्ड नं. ९, ११ र १२ को केरुङ्गा नाला पुर्वलाई लक्षित गरि सर्वेक्षण गरिएको धनगाडा खानेपानी आयोजनाको लागि आवश्यक पर्ने जग्गा उपलब्ध गराउने र आर्थिक श्रोत जुटाउने प्रयास भईरहेतापनि हालसम्म जग्गा उपलब्ध हुन सकेको छैन

## ७. बोर्डको बर्तमान तथा भावी कार्ययोजनाः

सन् २०१७ सम्म सबैलाई आधारभुत स्तरको खानेपानी तथा सरसफाई सुविधा उपलब्ध गराउने नेपाल सरकारको लक्ष अनुसार आफ्नो सेवा क्षेत्रमा आधारभुत वा मध्यम स्तरको खानेपानी तथा सरसफाई सुविधा उपलब्ध गराउनु यस बोर्डको पहिलो दायित्व हो । आफ्नो व्यवस्थापन संयन्त्र समेत पूर्णरुपमा तयार भई नसकेको अवस्थामा आफ्नो श्रोतबाट मात्र उल्लेखित लक्ष हासिल गर्न संभव छैन । यसको लागि बोर्डले भरतपुर नगरपालिका, सहरी विकास मन्त्रालय, खानेपानी तथा ढल निकास विभाग तथा अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग साझेदारीमा नयां आयोजना/कार्यक्रमहरु संचालन गर्नुपर्ने हुन्छ ।

यसै सन्दर्भमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय चितवन मार्फत आ. ब. २०७०/०७१ देखि सह-लगानीमा कैलासनगर खानेपानी आयोजनाका थप निर्माण कार्यहरु संचालन गर्ने गरि सह-लगानी सम्बन्धी प्रस्ताव खानेपानी तथा ढल निकास विभागमा पठाईएको थियो तर उक्त कार्यक्रममा बिभागबाट कुनै सहयोग उपलब्ध हुन सकेन । खानेपानी सेवा विस्तारको लागि भरतपुर खानेपानी व्यवस्थापन बोर्डले निम्न अनुसारका कार्यक्रमहरु चरणबद्ध रुपमा संचालन गर्ने कार्यनीति लिएको छ ।

- पाईप लाईन नपुगेका सडकहरुमा आवश्यकता अनुसार हरेक बर्ष पाइप लाईन थप गर्दै जाने
- वडा नं.९, ११ र १२ को केरुङ्गा नाला पुर्वको क्षेत्रलाई समेट्ने गरी नयां प्रणाली निर्माण गर्ने
- प्रेमवस्ती , नारायणपुर, गौरीगंज क्षेत्र समेट्ने गरी प्रेमबस्तीमा ओभरहेड टंकी सहितको प्रणाली बिकास गर्ने
- उपभोक्ताहरुबाट संचालित स्कीमहरुलाई सम्बन्धित समितिसँग वार्ता गरि बोर्डको स्वामित्वमा ल्याई सञ्चालन गर्ने व्यवस्था मिलाउने वा आंफै संचालन गर्न चाहेमा प्राविधिक र ब्यवस्थापकिय सहयोग गर्ने
- नगरपालिका, टोल सुधार संस्थाहरु र अन्य गैर सरकारी संघ संस्थाको सहयोगमा प्रदुषण रोकथाम, चुहावट नियन्त्रण, ग्राहक सचेतना जस्ता प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरी बोर्ड र सेवाग्राहीहरु बिच सुमधुर सम्बन्ध स्थापित गर्ने
- नगरपालिकासंगको सहकार्यमा फोहर पानी व्यवस्थापन, वातावरणीय सरसफाई सम्बन्धि जनचेतना मुलक कार्यक्रमहरु सन्चालन गरी फोहर घटाउन नगरपालिकालाई सहयोग गर्ने
- अत्यावश्यक स्थानहरुमा व्यवस्थित सार्वजनिक शौचालय निर्माण गर्ने
- सरसफाई सम्बन्धि नीति नियम तर्जुमा गर्न भरतपुर नगरपालिकालाई सहयोग गर्ने

## ८. नयाँ महशुल तथा अन्य सेवा शुल्कहरुको निर्धारणः

विद्यमान कानूनी ब्यवस्था अनुसार यस बोर्डले २०७० ज्येष्ठमा खानेपानी महशुल निर्धारण आयोगमा महशुल प्रस्ताव पठाई २०७० फागुन १ गतेबाट लागु हुने गरि नयां महशुल तथा अन्य सेवा शुल्कहरु निर्धारण भएको छ । बोर्डले निर्धारण गरेको शुल्क नेपाल खानेपानी संस्थान र के.यु. के. एल.को शुल्कभन्दा कम छ । बिगतमा लिई आएको जडान शुल्क रु. ५०००.०० लाई घटाएर रु. ४०००.०० कायम गरिएको छ । १/२" धाराको न्युनतम महशुल (१० युनिटको) निजि धाराको लागि रु. १०० र त्यसपछि प्रति युनिट रु.१८ कायम गरिएको छ । संस्थागत धाराको हकमा उक्त दरहरु क्रमशः रु.१३५ र रु. २० निर्धारण भएको छ । १/२" भन्दा ठुलो साईजको हकमा साविक महशुलमा कुनै परिवर्तन गरिएको छैन । महशुल तथा अन्य सेवा शुल्कहरु र छुट तथा जरीवाना सम्बन्धी विस्तृत विवरण अनूसूचि १ मा दिईएको छ ।

## ९.० भरतपुर खानेपानी व्यवस्थापन वोर्डको आम्दानी खर्चको स्थितिः

आ.ब. २०७०।७१ मा पानी महशुल वापत रकम रु. ४ करोड ३१ लाख ०४ हजार ६८४ बिलिङ्ग भएको छ । अघिल्ला बर्षहरुको उठ्नुपर्ने रकम रु. ७४ लाख ८० हजार ५२९ गरि जम्मा रु. ५ करोड ०५ लाख ८५ हजार २१३ मध्ये अघिल्ला बर्षहरुको रु. ४४ लाख ६१ हजार ७८९ र यस बर्षको रु. ३ करोड ६२ लाख ५७ हजार ३३८ गरि जम्मा रु. ४ करोड ०७ लाख १९ हजार १२७ ( छुट समेत) महशुल संकलन भएको छ । धारा जडान शुल्क तथा विभिन्न शिर्षकवाट भएको आम्दानी रु. १ करोड ४९ लाख ५८ हजार १२४ समेत यस वर्षको आम्दानी रु. ५ करोड ५६ लाख ७७ हजार २५१ रहेको छ । गत वर्षको वैंक बाँकी रु. ७० लाख ११ हजार २० समेत गरी यस वर्षको जम्मा आम्दानी रु. ६ करोड २६ लाख ८८ हजार २७१ भएको छ ।

यस बर्ष विभिन्न शिर्षकहरुमा तालिका नं. २ बमोजिम रु. २ करोड ९६ लाख ३० हजार १६४ संचालन खर्च भएको छ । महशुलमा छुट रु.११ लाख ४५ हजार २३३ कटाएर रु. २ करोड ४९ लाख १ हजार ८५४ संचालन वचत भएको छ । संचालन बचतमध्ये पूंजीगत खर्च तर्फ रु. १ करोड ९७ लाख ३५ हजार ४३१ र नगरपालिकाको सापटि फिर्ता रु. २६ लाख १५ हजार ८० खर्च भई जम्मा रु. ९५ लाख २६ हजार ४२ वैंक मौज्दात रहेको छ । यो रकम गत बर्षको वैंक मौज्दात भन्दा रु. २५ लाख १५ हजार २२ ले बढि हो । संचालन खर्च तर्फ रु. १२ लाख संस्थानबाट आएका कर्मचारीको उपदान कोष र १ लाख ५० हजार महशुल आयोगको सेवा शुक हो । कर्मचारीहरुको तलब भत्तामा भएको बृद्धि र बिद्युत तथा जेनरेटर संचालनमा भएको बृद्धिको कारण यस बर्ष गत बर्षभन्दा १२ प्रतिशतले संचालन खर्च बढेको छ ।

आ.ब. २०७०।०७१ को प्राप्ती तथा भुक्तानीको विस्तृत विवरण निम्न अनुसार छ ।

### तालिका नं.२: आ.ब.२०७०।७१ को प्राप्ती तथा भुक्तानी विवरण

| प्राप्ती विवरण | रकम रु. | भुक्तानी विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| **गत आ.व. को अ.ल्या.** | **७०११०२०.५०** | तलव | ९४९५९९०.०० | |
| पानी महशुल | ४०७१९१२७.५३ | भत्ता | १२८६१९०.२२ | |
| महशुल (अग्रिम)पेश्की | ११४३३८५.५१ | वैठक भत्ता | १०८१००.०० | |
| धारा जडान शुल्क | ६४२६३००.०० | दै.भ्र.भ | १४४७४५.०० | |
| धरौटी | १६०४५००.०० | सेवा महशुल | २२८६१२.०० | |
| मिटर विक्री | ९९२०७०.०० | टेलिफोन महशुल | १००४६७.६१ | |
| पाईप फिटिङ्ग विक्री | ६६२००५.०० | परामर्श सेवा | २१०२९३.०० | |
| निवेदन दस्तुर | ५९१६२५.०० | चन्दा पुरस्कार | ८९००.०० | |
| कार्ड विक्री | २४८५०.०० | तालिम, गोष्ठी, ग्राहक सचेतना तथा चुहावट नियन्त्रण कार्यक्रम | २६४७७३.०० | |
| ग्राहक नम्वर प्लेट दस्तुर | २५७८६५.०० | ग्राहक नम्वरिङ्ग कार्यक्रम | ११९९१४.०० | |
| नामसारी ठाँउसारी | २३१५१०.०० | वातावरणिय सरसफाई कार्यक्रम | ४४७०५५.०० | |
| वैंक व्याज | ३७४३४२.१९ | पानी सुरक्षा योजना | ३६१०९९.१२ | |
| जरिवाना | २०३०२३६.७८ | अतिथि सत्कार | ९८५९७.८९ | |
| पुरानो सामान लिलाम विक्री | ५१००००.०० | ईन्धन (सवारी साधन) | २३६२२८.०७ | |
| विविध,अन्य आम्दानी | १२९५५.०० | विद्युत महशुल | ११५१३२६६.७८ | |
| थप महशुल | ७१४८०.०० | ईन्धन अन्य (जेनेरेटर) | २४७५२३६.८३ | |
| खानेपानी विभाग अनुदान | २५०००.०० | मसलन्द कार्यालय सामान | २६६७३८.०० | |
| | | लेखा परिक्षण | ४००००.०० | |
| | | छपाई | ४८८८९५.०० | |
| | | पुस्तक तथा पत्र पत्रिका | ५५७५.०० | |
| | | औषधी खरिद | ६७८००.०० | |
| | | विविध खर्च | ६४९५८.०० | |
| | | मर्मत | २४६७२९.७४ | |
| | | उपदान कोष | १२०००००.०० | |
| | | खानेपानी महशुल निर्धारण आयोगको सेवा शुल्क | १५००००.०० | |
| | | **चालु कार्यक्रमको जम्मा** | २९६३०१६४.२६ | |
| | | ज.स वापतको रकम भ.न.पा.लाई फिर्ता | २६१५०८०.०० | |
| | | महशुलमा छुट | ११४५२३३.८३ | |
| | | धरौटी फिर्ता | ३६३२०.०५ | |
| | | **पुँजीगत कार्यक्रम** | | |
| | | भरतपुर खा.पा.आ. मर्मत सुधार | ३२८८९९६.३२ | |
| | | भरतपुर खा.पा.आ. सुधार विस्तार | ८११२२५४.७८ | |
| | | प्रेमवस्ती खा.पा.आ. | ४९६४७३.०० | |
| | | कैलाशनगर खा.पा.आ. | २९९९०२७.५१ | |
| | | आनन्दपुर खा.पा. आ. | २४९३८८०.७७ | |
| | | नौरङ्गे खा.पा. आ. | ०.०० | |
| | | फर्निचर | ८६३३२.०० | |
| | | कार्यालय उपकरण खरिद | २८८५५९.०० | |
| | | मिटर तथा फेरुल खरिद | १३७७२२१.०० | |
| | | पम्प घर कम्पाउण्ड वाल मर्मत | ५९२६८७.५७ | |
| | | **पुँजीगत कार्यक्रमको जम्मा** | १९७३५४३१.९५ | |
| | | **जम्मा खर्च रु.** | ५३१६२२३०.०९ | |
| **यस वर्षको जम्मा** | ५५६७७२५२.०१ | **वैंक बाँकी रु.** | **९५२६०४२.४२** | |
| **कुल जम्मा** | ६२६८८२७२.५१ | **कुल जम्मा रु.** | **६२६८८२७२.५१** | |

## १०. आ. ब. २०७०।०७१ मा बोर्डबाट गरिएका कार्यहरुः

भरतपुर खानेपानी व्यवस्थापन बोर्डले आ.व.२०७०/०७१ मा आन्तरिक श्रोतबाट आफ्नो बार्षिक कार्यक्रम तयार गरी निम्न उपलब्धिहरु हासिल गरेको छ।

### १०.१ भरतपुर खानेपानी आयोजना सुधार विस्तारः

यस आयोजना अन्तर्गत आ.व. २०७०।०७१ मा कृष्णपुर कम्पाउण्डमा १ सेट डिप ट्युववेल निर्माण र १८ कि.मि. वितरण लाईन थप गरिएको छ। वितरण लाईन थप गरिएका क्षेत्रहरु यस प्रकार छन्।

**वितरण प्रणाली थप भएका मुख्य स्थानहरु :**

| वडा नं. | | स्थान | परिमाण | |
|---|---|---|---|---|
| वडा नं. | १ | पोखरा वस पार्क | ३३० | **मिटर** |
| वडा नं. | २ | शितल मार्ग, देउती टोल, रामकृष्ण टोल | १२१३ | |
| वडा नं. | ४ | चौतारी टोल | २२५ | मिटर |
| वडा नं. | ५ | अद्वैत चोक देखी विशाल चोक सम्म | १५३० | मिटर |
| वडा नं. | ६ | जम्दारबाको टोल, लक्ष्मण चोक टोल, सुर्योदय टोल नवदुर्गा टोल, आनन्द चोक, | १८०५ | मिटर |
| वडा नं. | ७ | चाँदनी टोल, कान्ती चोक, जलदेवी टोल, नमुना टोल, श्रृजना टोल | १०१५ | मिटर |
| वडा नं. | ८ | बाईस विघा टोल, दिपशिखा टोल, अशोक टोल, प्रतिभा टोल पारस नगर, एस.ओ.एस. नजिक, डेरी नजिक | ४५५९ | मिटर |
| वडा नं. | ९ | संगम टोल, शिवालय पश्चिम, अम्बिका मार्ग, शिव मार्ग | ४५३ | मिटर |
| वडा नं. | १० | हस्पिटल टोल, चौविस कोठी नजिक, शंकरपथ टोल एअरपोर्ट अगाडी, आँखा अस्पताल पछाडी | ५२५ | मिटर |
| वडा नं. | ११ | जनोदय टोल , पोखरी चोक, जागृती चोक नजिक, बसेनी टोल ,अरनिको टोल, नौरङ्गे टोल | १७२० | मिटर |
| वडा नं. | १२ | नौरङ्गे टोल, आनन्द चोक टोल, एकता टोल, राधाकृष्ण टोल, मुनाल चोक, मञ्जुश्री टोल | ११७० | मिटर |
| वडा नं. | १४ | तोरीखेत, बंशिचोक देखि फुलबारी चोकसम्म | ३४५५ | मिटर |
| | | **जम्मा** | **१८,०००** | **मिटर** |

### १०.२ भरतपुर खानेपानी आयोजना मर्मत सुधारः

आ.व. २०७०।०७१ मा भएका मुख्य मुख्य मर्मत सुधार कार्यहरु यस प्रकार छन्।

- ४२३ वटा Major Leakage र ४४२ वटा Minor Leakage मर्मत
- नयाँ मिटर जडान तथा मर्मत सेवा १७४९, होलचेन्ज ५७, अस्थायी प्लग खोल्ने २४ र धाराको लागत कट्टा गर्ने सेवा १९ जनालाई दिईएको, यसबाट सेवाशुल्क बापत रु. २,६४,२२५।- प्राप्त भएको
- ४ वटा सवमर्सिवल पम्पहरु रिवाईण्डिङ गरिएको
- पोखरा बसपार्कमा ३३० मी. पाईप लाईन थप गरि Loop Connection गरिएको
- चट्याङ्को कारण क्षति भएको कार्यालय पछाडिको ट्रान्सफर्मर र प्यालन बोर्ड मर्मत
- ३ वटा ट्रान्सफर्मरहरुमा Lightening Arrester जडान गरिएको,
- २ वटा TOD मिटर बिग्रेकोले नयाँ मिटर जडान गरिएको
- कार्यालयस्थित पानीटंकीको रङ्रोगन र मुख्य भल्भ च्याम्बर १ निर्माण गरिएको
- कृष्णपुरको 11 KV Electric Line ले ब्यक्तिको घरलाई असर गरेकोले त्यसको सुधार
- कृष्णपुरमा बाईपास सिष्टम निर्माण

- केन्द्रिय बसपार्कको नगरपालीकाको वेलमा प्लेटफर्म निर्माण गरी संकटको समयमा बसपार्क वरपर पानी सप्लाई गर्न सकिने व्यवस्था मिलाईएको

**१०.३ प्रेमवस्ती कालीका खानेपानी तथा सरसफाई आयोजनाः**

- १.७ कि.मि पाईपलाईन विस्तार गरिएको
- खानेपानी तथा सरसफाई डिभिजन कार्यालयबाट ४५० घ.मी. पानी टंकी निर्माणको लागि ठेक्का पट्टा भएको

**१०.४ कैलाशनगर खानेपानी आयोजना :**

- ६.० कि.मि. वितरण लाईन, पम्प घर १ र पम्प तथा मोटर जडान कार्य सम्पन्न भएको
- यस बर्षदेखि यसै आयोजनाको मोटरबाट पानी संचालन गरिएको
- कैलाशनगर र प्रेमबस्ती सिष्टमलाई एक आपसमा कनेक्शन गर्न धिताल चोक देखि ४०० मी. पश्चिमसम्म पाईप लाईन जडान गरिएको

**१०.५ आनन्दपुर खानेपानी आयोजना :**

- पम्प घर १, विद्युत ट्रान्समिसन लाईन ३०० मीटर, ट्रान्सफर्मर तथा विद्युत लाईन जडान र १.५ कि.मि. पाईप लाईन जडान भई पम्प संचालन गरिएको
- आषाढ मसान्तसम्म २५ जना ग्राहकले निजि धारा जडान गरि सकेका
- थोरै ग्राहकहरुको लागि मात्र पम्प चलाउँदा खर्चिलो हुने भएकोले यो सिष्टमलाई सृष्टि चोकनेरबाट मुल प्रणालीमा जोडिएकोले लंकु क्षेत्रमा यस प्रणालीबाट पानी सप्लाई गर्न सकिने

**१०.६ पम्प घर तथा कम्पाउण्ड वाल मर्मतः**

- कृष्णपुरको महशुल काउण्टरमा सेड निर्माण, पम्पको आवाज बाहिर जान नदिन फलामे ढोका निर्माण
- शरदपुर, मालपोत चोक, त्रिचोक, रिजालचोक र आँपटारी पम्प स्टेशनको रङ्रोगन, कम्पाउण्ड वाल र गेट मर्मत तथा जाली पल्ला लगायत अन्य ससाना मर्मत कार्यहरु
- कार्यालयस्थित चौकिदार घर र पम्पघरको रङ्रोगन, अपरेटर सेडको झ्यालको पल्ला, पछाडिको कम्पाउण्ड वाल मर्मत
- तेरिखेत पम्प स्टेशनको अगाडीको कम्पाउण्ड वाल निर्माण, गेट जडान र शौचालय निर्माण

**१०.७ वातावरणीय सरसफाई कार्यक्रमः**

- जैविक फोहर घरमै व्यवस्थापनको लागि भ.न.पा.का विभिन्न टोलमा बोर्डबाट कम्पोष्ट च्याम्वरको प्रवर्द्धनको लागि ५० प्रतिशत रकम अनुदान दिई १०० घरमा कम्पोष्ट च्याम्वर निर्माण गरिएको

**कम्पोष्ट च्याम्वर वितरण गरिएका टोलहरुः**

| वडा नं. | टोलको नाम | संख्या(सेट) |
|---|---|---|
| वडा नं. ७ | दिपज्योती टोल विकास संस्था | १० सेट |
| वडा नं. १० | सैनिक नमुना टोल, हिमाली पथ "क" ज्ञानदर्शन टोल , नहर एरिया टोल | ४५ सेट |
| वडा नं. ११ | जनोदय टोल, शान्ति टोल | ३३ सेट |
| वडा नं. १२ | राधाकृष्ण टोल | १२ सेट |
| | | **जम्मा १००** |

- **सार्वजनिक शौचालय निर्माणः** वार्ड नम्बर २ को आँपटारी चोकमा २ कोठे सार्वजनिक शौचालय (कुरुवा बस्न मिल्ने सानो कोठा सहित ) निर्माण गरेको,
- राष्ट्रिय सरसफाई सप्ताह २०७१ को अवसरमा सरसफाई सम्बन्धि जनचेतनामूलक कार्यक्रम संचालन गरेको
- जिल्ला खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिले बोर्डलाई कार्यालय सरसफाईमा द्धितिय पुरस्कार प्रदान गरेको

**१०.८ तालिम, गोष्ठी, ग्राहक सचेतना तथा चुहावट नियन्त्रण कार्यक्रमः**

- वडा नं. ११ का विभिन्न टोल विकास संस्थाका ६० जनालाई खानेपानी तथा सरसफाई अभिमुखीकरण कार्यक्रम संचालन गरिएको
- बाईपास सडक सफा राखि पानी प्रदुषणको जोखिम घटाउन वडा नं. २, १०, ११ र १२ का हाईवे रोडमा जोडीएका टोल विकास संस्थाका करिव ४५ जना पदाधिकारीहरु, सरकारी कार्यालयका प्रतिनिधिहरु र नगरपालिका विच अन्तर्क्रिया कार्यक्रम संचालन गरिएको, भरतपुर नगरपालिका र यस कार्यालयको प्रयास पश्चात यस सडकको सरसफाईमा उल्लेखनिय सुधार आएको छ ।
- चुहावट नियन्त्रण कार्यक्रम संचालनः चुहावट गर्ने १० जनावाट रु ७० हजार थप महशुल असुल
- विभिन्न संचार माध्यमहरुबाट चुहावट नियन्त्रण सम्बन्धी जनचेतनामुलक सूचना प्रकासन तथा प्रसारण
- कर्मचारीहरुलाई कम्प्युटर सफटवेयर संचालन र बोर्डका विविध गतिविधिहरु जानकारी गराउने उद्धेश्यले १ दिने तालिम कार्यक्रम संचालन

**१०.९ खानेपानी सुरक्षा योजना** (Water Safety Plan):

- ✓ ५ जना कर्मचारीहरुलाई पानी सुरक्षा सम्वन्धी १ दिने अभिमुखीकरण तालिम
- ✓ पानी सुरक्षा उपसमिति र अन्य सरोकारवालाको १ दिने पानी सुरक्षा सम्वन्धी अभिमुखीकरण कार्यक्रम
- ✓ सानो स्केलको गुणस्तर परीक्षण प्रयोगशाला (Water QualityTesting Laboratory) निर्माण गरी नियमित रुपमा केहि Water Quality Parameter हरु परीक्षण गर्न शुरु
- ✓ २०७० मंसीर र २०७१ आषाढ गरि २ पटक सबै वेलको पानीको गुणस्तर ( धमीलोपना, पि.एच., कलर, टेष्ट, हार्डनेस, ईलेक्ट्रिकल कन्डक्टिभिटि, टि.डि.एस., कोलीफर्म ब्याक्टेरीया ) परिक्षण
- ✓ मुहानमा प्रदुषण हुन नदिन ७ वटा वेलहरुमा प्लेटफर्म निर्माण
- ✓ २०७० पौषदेखि ३० जना ग्राहकहरु (Randomly Selected)को धाराबाट मासिक १ वटाका दरले पानीको नमुना संकलन गरि गुणस्तर परिक्षण गरिएको, परिक्षणको नतिजा बोर्डको वेभसाईट www.bwsmb.org.np मा राखिएको

**११. आगामी बर्ष प्राथमिकता दिनुपर्ने कार्यहरुः**

- ➢ नौरङ्गे क्षेत्रकाका गरिब बस्तीहरुलाई लक्षित गरि शुसासन परियोजनाले रु. ३० लाख बराबर खानेपानी सुविधा निर्माणमा लगानी गर्ने प्रस्ताव गरेको छ । जग्गा उपलब्ध हुन नसकेकोले काम अगाडी बढ्न सकेको छैन । जग्गा उपलब्ध भएमा नगरपालिका, डिभिजन कार्यालय र कोकाकोला कम्पनी लगायत अन्य संघ संस्थाहरुबाट सहयोग प्राप्त हुन सक्ने भएकोले आगामी बर्ष जग्गा उपलब्धिलाई पहिलो प्राथमिकता दिनुपर्ने देखिन्छ । प्राप्त बजेट फिर्ता हुन नदिन भरतपुर नगरपालिका मार्फत शुसासन परियोजनाका कर्मचारीहरु र लक्षित समुदायसँग छलफल भईरहेको छ । उक्त बजेटबाट करीव ८ कि.मि. लाईन विस्तार गर्न सकिन्छ । यसको लागि बोर्डबाट समेत केहि लगानी गनुपर्ने देखिन्छ ।
- ➢ गत खडेरीको समयमा सप्लाईमा देखिएको समस्या हेर्दा आँपटारी क्षेत्रमा १ वटा पानीटंकी अनिबार्य भईसकेको छ । बोर्डको कार्यालयस्थित ४०० घ.मी.को पानी टंकीको साईज पनि ज्यादै सानो भएको छ । तत्काल बोर्डको आन्तरिक श्रोतबाट दुबै स्थानहरुमा पानी टंकी बनाउन सकिने अवस्था छैन । तसर्थ आगामी सुख्खा मौसमको समस्या समाधानको लागि आ.ब. २०७१।०७२मा आँपटारीमा १, जिल्ला अदालत अगाडी (२४ घण्टे लाईन) १ र शरदपुरमा १ गरि जम्मा ३ वटा Supporting Well बनाउनुपर्ने देखिन्छ ।
- ➢ शरदपुरमा ६५ के.भि.ए.को जेनरेटर जडान गर्नु अनिबार्य देखिएको छ ।
- ➢ भरतपुर मा.बि. आसपासको क्षेत्रमा प्रेशर बढाउन मालपोत चोकदेखि भरतपुर मा.बि. विचमा कम्तीमा ६ ईन्च साईजको पाईप लाईन जडान गर्नुपर्दछ ।
- ➢ यसबर्ष लाईन विस्तार भएको पारसनगरको प्रतिभा टोलमा उल्लेखनिय रुपमा धारा जडान भएको छ । त्यसभन्दा तलका टोलहरुबाट समेत लाईन विस्तारको माग आएको छ । सिंचाईको लागि निर्माण गरिएका वेलहरुले माथिल्लो सतहको पानी तान्ने भएकोले बैसाख ज्येष्ठमा स्थानीय ईनार सुक्ने समस्या देखिएको छ । तसर्थ यस क्षेत्रमा समेत आगामी बर्ष केहि पाईप लाईन विस्तार गर्नुपर्दछ ।

**१२. भरतपुर खानेपानी प्रणालीका प्रमुख सूचकहरु (Key Performance Indicators):**

**१२.१ औसत खपत अंकः** आ.ब. २०७०।०७१ को प्रति ग्राहक प्रति महिना औसत खपत अंक मिटर रिडिङ्गको आधारमा १९ युनिट र बिलिङ्को आधारमा २२ युनिट छ । जबकी गत बर्ष यो अंक क्रमशः १४.२५ र १८ थियो । गत बर्षको औसत चुहावट दर ३५ प्रतिशत रहेकोमा त्यसमा सुधार भई आ.ब. २०७०।०७१ को चुहावट दर ३० प्रतिशतमा झरेको छ । मिटरहरुको त्रुटी र पाईपलाईनबाट हुने लिकेज लगायतका प्राविधिक कारणहरुले गर्दा सामान्यत खानेपानी प्रणालीमा चुहावट दर **२०** प्रतिशतभन्दा कम गर्न सकिंदैन ।

१२.२ **औसत बिलिङ् रकमः** गत बर्षको प्रति ग्राहक प्रति महिना औसत बिलिङ श्रावणदेखि माघसम्म **रु.१९२.१७** र फागुनदेखि आषाढसम्म **रु.२२४.८३** गरि बार्षिक औषत **रु. २०६.८३** थियो । यस बर्षको श्रावणदेखि माघसम्मको प्रति ग्राहक प्रति महिना औसत बिलिङ (पुरानो दर अनुसार) **रु.२०७.०६** र फागुनदेखि आषाढसम्म (नयाँ दर अनुसार) **रु.३०३.१९** गरि बार्षिक औषत रु. **२४८.७९** पाईएको छ । फागुनदेखि आषाढसम्मको रेकर्डको आधारमा नयाँ महशुल संरचनाबाट महशुल प्रस्ताबमा अनुमान गरिए बमोजिम औषत **३५ प्रतिशत मुल्य बृद्धि** भएको छ ।

**१२.३ महशुल असुली तथा बक्यौताको स्थितिः** बि.सं. २०७१ साल आषाढ मसान्तमा विभिन्न ग्राहकहरुबाट रु. **९८,६६,०८५.००** पानी महशुलको रकम उठ्न बाकी रहेको छ । यो रकममध्ये रु. **३०,१८,७४०.००** अघिल्ला बर्षहरुको बक्यौता रकम हो । अघिल्ला बर्षहरुको बक्यौता रकममध्ये करीव रु. १५ लाख घर ठेगाना फेला पर्न नसकेका, घर जग्गा बेचेर अन्यत्र गएका, धारा फेला पर्न नसकेका र कार्यलयनै बन्द भईसकेका सरकारी कार्यालयहरु आदी जस्ता ग्राहकहरुको हो ।

विशेष गरी वडा नं.१, २, ३, ४ र १० का पुराना ग्राहकहरुबाट बढि मात्रामा महशुल उठन बाँकी छ । अघिल्लो आर्थिक बर्षको अन्तमा करीव २.५ महिनाको बिल बराबरको रकम उठ्न बाँकि रहेकोमा यस आर्थिक बर्षको अन्तमा करीव २ महिनाको बिल बराबरको रकम उठ्न बाँकि देखिएको छ । यसबाट **महशुल** असुलीमा सुधार भएको देखिन्छ । विभिन्न विवरणहरुको आधारमा यस प्रणालीका प्रमुख सूचकहरु (Key Performance Indicators) तयार गरिएको छ । उक्त सूचकहरुको सारांश यस प्रकार छ ।

तालिका नं. ३ : भरतपुर खानेपानी प्रणालीका प्रमुख सूचकहरु (Key Performance Indicators )

| विवरण | २०६९।०७० को औसत | २०७०।०७१ को औसत | कैफियत |
|---|---|---|---|
| औषत ग्राहक संख्या (१/२" ) | १३८५० | १४८५० | |
| सेवा पुगेको जनसंख्या | ८५८७० | ९२०७० | |
| सेवा पुगेको जनसंख्या, प्रतिशत | ५५ | ५८ | |
| दैनिक सरदर पानी उत्पादन, लिटर | १३०००००० | १५२००००० | |
| दैनिक सरदर पानी विक्री, लिटर | ८४५०००० | ११२०३००० | |
| मिटर भएको धाराको प्रतिशत | **९६** | **९८** | |
| चुहावट, प्रतिशत | **३५** | **३०** | |
| पानी सप्लाई समय, घण्टा | ९ | ९ | |
| पानी नचल्ने धाराहरुको प्रतिशत | **नगन्य** | **नगन्य** | |
| प्रति व्यक्ति उत्पादन/बिकि, लिटर | **१५४/१००** | **१७०/१२५** | |
| प्रति युनिट इन्धन दर रु. (जेनरेटर सहित) | ६.९५ | ६.९० | |
| प्रति ग्राहक औषत खपत(रिडिङ् अनुसार/बिल अनुसार) | **१४/१८** | **१८/२२** | |
| **प्रति युनिट पानी सप्लाईमा लाग्ने खर्चहरु** | | | |
| ईन्धन खर्च, रु. | ३.६१ | ३.४६ | |
| कर्मचारी खर्च रु. | २.४६ | २.६७ | |
| प्रशासनिक खर्च | ०.९२ | ०.८५ | |
| मर्मत संभार, खर्च रु. | १.०५ | ०.९८ | |
| नियमित सुधार विस्तारमा लगानी, रु. | ३.८० | ३.५७ | |
| जम्मा प्रत्यक्ष खर्च, रु. | ११.८४ | ११.५३ | |
| अप्रत्यक्ष खर्च (उपदान, ऋण, सापटी र ह्रासकट्टी) रु. | ५.४६ | ४.२१ | |
| ऋणको साँवा ब्याज, रु. | ३.३५ | २.८९ | |
| **जम्मा खर्च (प्रति युनिट) रु.** | **२०.६५** | **१८.६३** | |
| **प्रति यूनिट आम्दामी, रु.** | | | |
| पानी महशुल, रु. | ९.५० | ११ | |
| अन्य आम्दामी, रु. | ३.०५ | २.७५ | |
| **जम्मा आम्दामी (प्रति युनिट) रु.** | **१२.५५** | **१३.७५** | |
| **प्रति यूनिट घाटा रु.** | **८.१०** | ४.८८ | |
| **संचालन खर्चहरु (प्रति ग्राहक प्रति महिना)** | | | |
| ईन्धन खर्च, रु. | ६१.१७ | ७८ | |
| कर्मचारी खर्च रु. | ५२.९१ | ६१ | |
| प्रशासनिक खर्च, रु. | १३.३६ | १९ | |
| मर्मत संभार, केमिकल र अन्य खर्च रु. | १३.०४ | २२ | |
| **जम्मा संचालन खर्च, रु.** | **१४०** | **१८०** | |
| **ओभरहेड खर्चहरु (प्रति ग्राहक प्रति महिना)** | | | |
| कर्मचारी विदा तथा उपदान खर्च, रु. | ४.८७ | ७ | |
